जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०　　अंक १६४　　२०७७ साल माघ १५ गते बिहीबार (28 Jan. 2021 Thursday)　　मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**



**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जवर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



*यस अंक भित्र :* २ पृष्ठमा : सन् २०२१ मा बलियो बन्दै ... ३ पृष्ठमा : चन्द्रनहर मर्मत सम्भार.. ३ पृष्ठमा : राष्ट्रसंघीय शान्ति कोषमा...


# सुरु भयो कोरोना बिरुद्धको खोप अभियान

## पहिलो चरणमा सप्तरीमा ३ हजार ७ सय ५४ जनालाई लगाइने





**दैनिक समाचारदाता**
**राजविराज, १४ माघ ।**

नेपाल भरि बुधबारदेखी कोरोना बिरुद्धको खोप लगाउने अभियान सुरु भएको छ । सोही अभियान अन्तरगत सप्तरीमा प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा आयोजित एक कार्यक्रमबीच अभियानको उद्घाटन गर्नुभएको छ ।

मन्त्री साहले अभियानको उद्घाटन गरेपश्चात् सो अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झालगायतका चिकित्सक, स्वास्थ्यकर्मी, एम्बुलेन्स र शववहानका चालक तथा स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारी र सफाइकर्मीले खोप लगाएका थिए ।

सो अवसरमा मन्त्री साहले खोप जिवनरक्षाका लागि सुरक्षित भएको भन्दै निर्धक्क भई लगाउन आग्रह गर्नुभयो । उहाँले खोप बारे विभिन्न भ्रामक हल्ला चलाइएको भन्दै त्यस्ता हल्ला पछाडी नलाग्न सबैमा आग्रह ऽस्समेत गर्नुभयो ।

कार्यक्रममा गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाले कोही पनि खोप बारे भ्रममा नपर्न आग्रह गर्नुहुँदै भारतमा परिक्षण भइसकेर आएको खोपले कुनै नराम्रो घटना भइहाल्छ भन्ने सोचनु र आत्तिनु नपर्ने बताउनुभयो ।

सप्तरीमा राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल र रुपनी गाउँपालिकास्थित ठाकोदेबी जोगेन्द्र भगत प्रहरी अस्पतालमा गरि दुई स्थानबाट पहिलो चरणमा ३ हजार ७ सय ५४ जनालाई खोप लगाइदै छ ।

जिल्लामा हालसम्म कोरोना संक्रमणले ज्यान गुमाउनेको संख्या ४१ रहेको छ भने १ हजार ८ सय ३० जना संक्रमित भएका छन् । संक्रमित सबै निको भई घर फर्किएपछि हाल संक्रमितको संख्या शुन्यमा झरेको छ ।

यता बुधबारै सातवटै प्रदेशमा रहेका ६२ अस्पताल, उपत्यकाका १७ अस्पताल र १२० भन्दा बढी खोप केन्द्रबाट सूचीकृतमा परेका व्यक्तिलाई एकैसाथ खोप दिइएको । यस्तै ७७ जिल्लाका ३०० खोप केन्द्रमार्फत पनि खोप प्रदान गरिने छ ।

नेपालमा कोभिड-१९ को सङ्क्रमण देखिएको एक वर्षपछि नेपालीले खोप पाउँदैछन् । नेपालमा पहिलोपटक २०७६ माघ ९ गते चीनको वुहान शहरबाट आएका एक विद्यार्थीमा सङ्क्रमण देखिएको थियो । भारत सरकारको अनुदानमा यही माघ ८ गते १० लाख मात्रा उक्त खोप नेपाल आएको हो ।

यसैबीच स्वास्थ्य मन्त्रालयले पहिलो चरणको खोप अभियान शुरु गरेको १० दिनभित्र सम्पन्न गर्ने लक्ष्य राखेको छ । यस चरणमा चार लाख ३० हजारलाई खोप प्रदान गरिने छ । कोभिशिल्ड खोप अक्सफोर्ड विश्वविद्यालय र एक्ट्राजेनिका नामक औषधि उत्पादक कम्पनीले संयुक्तरूपमा विकास गरेका हुन् । भारतको सेरम इन्स्टिच्युटले खोप उत्पादन गरेको हो ।

# शिक्षक बस्ने कोठा भित्र अजिङ्गर फेला



**दैनिक समाचारदाता**
**राजविराज, १४ माघ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित एक


***बाँकी अन्तिम पृष्ठमा***


# आप्रवासी कामदार हकहित संरक्षण केन्द्रद्वारा पाँच बुँदे मागसहित ज्ञापन




**दैनिक समाचारदाता**
**राजविराज, १४ माघ ।**

बैदेशिक रोजगार व्यवसायीहरुबाट भइरहेको ठगिलाई नियन्त्रण गर्न लगायत विभिन्न पाँच बुँदे मागसहित आप्रवासी कामदार हकहित संरक्षण केन्द्र सप्तरीले बुधबार प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको छ ।

संरक्षण केन्द्रकी निमित्त अध्यक्ष गोमा आचार्यको नेतृत्वमा गएको टोलीले जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत सो ज्ञापनपत्र बुझाएको हो ।

बुझाइएको ज्ञापन पत्रमा बैदेशिक रोजगार विभागबाट भइरहेको अनुगमनलाई तिब्रता प्रदान गर्न, बीमा कम्पनिहरुले मृतक परिवारलाई प्रदान गरिने बिमित रकम भुक्तानी दिने क्रममा इच्छा विपरीत सबै प्रिमियम एकै पटकमा असुल गरि पाँच लाखसम्मका बीमा गराईरहेकोले यसरी बिमाको नाममा ठगि गर्ने काम अविलम्ब बन्द गर्न र यस्ता अवाञ्छित क्रियाकलाप गरिसकेका बिमा कम्पनिहरुबाट सम्बन्धित व्यक्तिलाई रकम फिर्ता गराउन र कारवाही गर्न माग गरिएको छ ।

त्यस्तै कोभिड तथा अन्य कारणले बैदेशिक रोजगारीमा अलपत्र परेकाहरुलाई अविलम्ब उद्धार, प्रिभिसा, प्रिटिकट पूर्णहरुपमा कार्यान्वयन तथा बिदेशबाट मृतकको लाश तदारुकताका साथ ल्याउनका लागि चाडो पहल गर्न माग गरिएको छ ।

यसअघि आप्रवासी कामदार र तिनका परिवारका हक र अधिकारका लागी दवाब स्वरुप राजबिराजस्थित शिव मन्दिरको प्राङ्गणबाट ऱ्याली निकालि जिल्ला प्रशासन कार्यालय पुगेको थियो ।

सहायक प्रमुख जिल्ला अधिकारीमार्फत बुझाइएको ज्ञापनपत्र प्रधानमन्त्रीको कार्यालयका साथै श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र बैदेशिक रोजगार विभागलाई समेत बोदार्थ गरिएको छ ।




## सम्पादकीय

### नहरमा पानी ल्याउनेतर्फ पहल होस्

गहुँ बाली लगाएको बेला अहिले सप्तरीमा पानीको अभावमा ती बाली सक्ने अवस्थामा पुगेको छ । कोशी पम्प नहरबाट अहिले पानी आउन छोडेपछि जिल्लाका किसानहरु चिन्तित देखिन्न् । भारत सरकारको मातहतमा रहेको सो नहरबाट अहिले पानी आउन बन्द भएको छ । भारत सरकारले मर्मतको बहानामा नहरमा पानी छोडेको छैन् । यता नहरमा पानी नआउदा गहुँ बाली रोपेका किसानहरु मारमा परेका छन् ।

यसरी भारतीय सरकारले खेतीको समयमा नहर मर्मत गर्ने बहानामा नेपाली किसानलाई दुःख दिने गरेको काम गरिरहेको छ । यसप्रति नेपाल सरकारले हालसम्म कुनै पहल गरेको देखिन्न् । गहुँ खेतमा अहिले सुख्खा रहेको छ । तर सिचाईको सुविधा पुग्न नसक्दा बाली फस्टाउने संकेत देखिएको छैन् ।

तसर्थ यस्तो समस्याप्रति नेपाली पक्षले भारतीय पक्षसँग सम्वादको माध्यमबाट समस्याको समाधान गर्नेतर्फ ध्यान दिनुपर्ने आवश्यकता रहेको छ । यसकोका लागि स्थानिय सरकारले समेत पहल गर्नु उत्तिकै आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सन् २०२१ मा बलियो बन्दै महामारीले थलिएको विश्व अर्थतन्त्र

काठमाडौं, १४ माघ ( रासस/एएफपी) ।

सन् २०२० मा कोरोनाभाइरसको विश्वव्यापी महामारीका कारण गम्भीर सङ्कट झेलेको विश्व अर्थतन्त्रले यस वर्ष सशक्त सुधारको अपेक्षा गरिएको छ । अन्तरराष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले मङ्गलबार सार्वजनिक रिपोर्टले सन् २०२१ विश्व अर्थतन्त्र सुधारको लागि महत्वपूर्ण वर्ष बन्ने प्रक्षेपण गरेको छ ।

आईएमएफका प्रमुख अर्थशास्त्री गीता गोपीनाथले पत्रकारलाई भने, "अहिलेको अवस्थामा २०२० देखि २०२५ सम्मको अनुमानित उत्पादन घाटा सञ्चय २२ ट्रिलियन अर्थात् पूरै अमेरिकी अर्थतन्त्र बराबर हुनसक्ने आइएमएफका प्रमुख अर्थशास्त्री गीता गोपीनाथले आइएमएफको आर्थिक प्रषेपण प्रतिवेदन सार्वजनिक भएपछि पत्रकारसँगको कुराकानीमा बताउनुभएको छ । यो महामारी पूर्व गरिएको प्रक्षेपणको तुलनामा अत्यधिक सञ्चयी उत्पादन घाटा हो ।

कोभिड-१९ विरूद्धका नयाँ खोपको उत्पादनले महामारीलाई नियन्त्रण गर्ने र आर्थिक गतिविधि पुनःसुरु गर्न सहयोग पुऱ्याउने आशाले यस वर्षको आर्थिक वृद्धि ५.५ प्रतिशतमा बढाउने आईएमएफको पछिल्लो 'वर्ल्ड इकोनोमिक आउटलुक ( डब्लुईओ)' प्रतिवेदनमा उल्लेख छ ।

यद्यपि वाशिङ्गटनस्थित यस निकायले यस्तो दृष्टिकोण कोभिड-१९ ले ल्याएको 'असाधारण अनिश्चितता'बीच ल्याएको हो । विश्व अर्थतन्त्रका लागि निकै खराब समय वा सङ्कटपछि विश्वका प्रमुख अर्थतन्त्र भएका मुलुक र सबै देशले चिरस्थायी क्षति रोक्नको लागि अग्रगामी कदम चाल्नुपर्ने हुन्छ ।

महामारीको अन्त्य गर्न खोप विकास र अनुसन्धानको दौड र भाइरसको परिवर्तित स्वरूपबारे प्रभावकारी सहयोग पुऱ्याउने नीतिलाई सशक्त पार्नुपर्ने विश्लेषकको भनाइ रहेको छ ।

सन् २०२० मा विश्वव्यापी सङ्कुचन वृद्धि ३.५ प्रतिशत हुने कोषको अपग्रेडपछि 'सन् २०२१ पछि खोपको कारण महामारीमा आउने नियन्त्रण र त्यसपछि सञ्चालन हुने गतिविधिलाई मजबुत पार्ने अपेक्षा अमेरिका, जापानलगायतका केही ठूला अर्थतन्त्रमा थप नीतिगत समर्थन पनि प्रतिबिम्बित गरेको प्रतिवेदनले जनाएको छ । घटनाक्रमले 'सन् २०२१/०२२ मा विश्वव्यापी आर्थिक दृष्टिकोणको लागि बलियो सुरूवात बिन्दु' सिर्जना गर्ने प्रतिवेदनमा उल्लेख छ । जे होस्, "सन् २०२० को गम्भीर सङ्कुचनबाट लगातार हुने क्षतिलाई सीमित गर्न र निरन्तर पुनःप्राप्ति सुनिश्चित गर्न स्वास्थ्य र आर्थिक नीतिमा धेरै काम बाँकी छ ।"

केही देशमा बढ्दो सङ्क्रमण र नयाँ कोभिड-१९ का प्रकारले पुनःलकडाउन हुने वातावरण र खोप वितरण व्यवस्थामा आउनसक्ने समस्याको कारण बनेको छ प्रतिवेदनमा उल्लेख छ । गोपीनाथले भन्नुभयो, "महामारी पूर्वको अवस्थामा पुग्न नसकेका विश्वका ११० मुलुकमा सन् २०२२ सम्ममा करिब नौ करोड मानिस अत्यधिक गरिबीको शिकार हुनुपर्नेछ ।

महामारी नियन्त्रण भई स्थिरता नहुँदासम्म कोषले सङ्घर्षरत परिवार र व्यवसायलाई जीवनयापन प्रदान गर्न सरकारलाई आग्रह गरेको छ । डिसेम्बरको अन्त्यमा अर्को ठूलो सरकारी प्रोत्साहन प्याकेजलाई अनुमोदन गरेको अमेरिकामा आईएमएफले अघिल्लो वर्ष गरेको ५.५ प्रतिशतको प्रक्षेपणभन्दा पूर्ण दुई अङ्क बढी हुने अपेक्षा गरेको छ । यो अमेरिकी अर्थतन्त्रका लागि सन् १९८४ पछि सबैभन्दा सबल दर हुनेछ ।

नवनिर्वाचित अमेरिकी राष्ट्रपति जो बाइडेनले १.९ ट्रिलियन अमेरिकी डलर लागतको अर्को ठूलो आर्थिक उद्धार योजनाका लागि जोड दिइरहनुभएको छ । यसले अमेरिकी परिवार, व्यवसाय र महामारीका कारण आर्थिकरूपमा सङ्घर्षरत राज्य र स्थानीय सरकारलाई थप सहयोग पुऱ्याउने विश्वास अमेरिकाले गरेको छ । प्रारम्भिक खर्चको स्तर अनुमानले यस वर्ष अमेरिकी कूल गार्हस्थ उत्पादन १.२५ प्रतिशत र तीन वर्षमा पाँच प्रतिशत बढाउने देखाएको गोपीनाथको भनाइ रहेको छ ।

जापानले पनि डिसेम्बरमा स्वीकृत सहायता प्याकेजबाट फाइदा लिइरहेको छ र आइएमएफले २०२१ को वृद्धि पूर्वानुमान आठ दशांश ले वृद्धि भइ ३.१ प्रतिशतमा पुग्ने बताएको छ । ती प्रोत्साहन उपायले पनि 'व्यापारिक सहयोगीलाई अनुकूल प्रोत्साहन' प्रदान गर्ने प्रतिवेदनमा उल्लेख छ ।

आइएमएफले चीनको अर्थतन्त्रलाई ८.८ प्रतिशतको वृद्धि हुने अनुमान गरेको छ जुन अक्टोबरको पूर्वानुमानको तुलनामा अलि कम हो । तर भारतको आर्थिक वृद्धिदर ११.५ अर्थात् यस पहिले अनुमान गरिएभन्दा २.७ अङ्कले माथि उठ्ने देखाइएको छ ।

यूरोपमा देखिएको नयाँ प्रकारका कोभिड-१९ का भाइरस र फैलावटमा देखिएको वृद्धिसँगै यूरोपेली मुलुकका सरकारले पुनःलकडाउनको नीतिलाई अघि सारेका छन् । यहाँ बढ्दो सङ्क्रामक भाइरस तनावको बीचमा निशेधाज्ञा पनि राखिएको छ जसका कारण आईएमएफले यहाँका अधिकांश देशको वृद्धि पूर्वानुमानलाई घटाएको छ ।

जर्मनी, फ्रान्स, स्पेन र इटलीको महत्वपूर्ण गिरावटका कारण युरो क्षेत्रको वृद्धि अनुमानलाई ४.२ प्रतिशतको पूर्ण अङ्कले कटौती गरिएको छ । आइएमएफका अनुसार युरोपियन युनियनबाट बाहिर निस्कँदा लन्डनले अन्तिम समयमा युरोपेली सङ्घसँग गरेको सम्झौताले आर्थिक परिणामलाई ठूलो जोखिमबाटमा रोक्न सफल भएको छ तर कोषले बेलायतको लागि पनि आर्थिक वृद्धिको पूर्वानुमान् घटाएको छ । (अनुवाद : दिलीप शर्मा)

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# चन्द्रनहर मर्मत सम्भार नहुदा किसानहरू चिन्तित

**अरुण कुमार यादव**
राजविराज, १४ माघ (रासस)।

सप्तरीस्थित मुलुककै सबैभन्दा पुरानो चन्द्रनहर अतिक्रमणमा परेको छ। साथै आवश्यक मर्मत सम्भारको अभावमा जीर्ण बन्दै गएको छ।सरकारले सिँचाइका लागि पर्याप्त ध्यान नदिएका कारण सप्तरीस्थित ऐतिहासिक यो नहर जीर्ण अवस्थामा पुगेको हो। चन्द्रनहरको वरिपरि बस्ने मानिसहरूले नै अतिक्रमण गरेपछि चन्द्रनहर प्रतिदिन जीर्ण बन्दै गएको हो। नहरको डिलमा मानिसहरू घर बनाउनेदेखि लिएर विभिन्न घरेलु समानहरू राखेर अतिक्रमण गर्ने गरेका छन्। साथै नहरमा थोरै पानी आउने समयमा पनि सिँचाइको लागि विभिन्न ठाउँमा भत्काउँदा समेत नहर अतिक्रमित भएको तिरहुत गाउँपालिका वडा नं १ का स्थानीय विजय यादवले बताउनुभयो।

तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरले विसं १९८० मा निर्माण गरेको नहरले जिल्लाको कुल ११ हजार हेक्टर जग्गामा सिँचाइको क्षमता छ। नहरको मर्मत सम्भार नहुँदा एक दशकदेखि कुल क्षेत्रमध्ये आधा भागमा मात्र सिँचाइ हुने गरेको पाइएको छ।वर्षायाममा आउने बाढीबाट विभिन्न ठाउँमा वर्षेनी नहर भत्किने गरेकोमा त्यसको पनि मर्मत हुने गरेको छैन। नरह मर्मत हुन नसक्दा सिँचाइ सुबिधाबाट यहाँका किसान वञ्चित भएका छन्। विसं २०७३ मा आएको भिषण बाढीले जिल्लाको सुब्बाटोल, वुधेवा, महुली, गंगाजली, मैनाकडेरी, बढहरालगायत एक दर्जन स्थानमा नहर भत्किएको थियो। नहर मर्मतका लागि अहिलेसम्म रु नौ करोड खर्च गरिएको भएपनि त्यो रकम अपुग भएको कोशी पम्प चन्द्र नहर डिभिजन कार्यालयले जनाएको छ।

डिभिजन कार्यालयले उपभोक्ता समितिमार्फत् सरकारी बजेट समाप्त पार्ने काम गरेपनि मर्मत सम्भारको कार्य गुणस्तरीय हुन सकेको छैन। सिँचाइ क्षेत्रमा सरकारले उचित लगानी गर्न नसकेका कारण आयोजनाहरू अलपत्र र जीर्ण अवस्थामा रहेको पाइएको छ।मङ्सिर र पुसमा लगाइएको गहुँ बालीलाई पानी चाहिएको भए पनि अहिले चन्द्रनहर वरपरका किसानहरूलाई नै समस्या परेको स्थानीय किसान महेन्द्रप्रसाद यादवले गुनासो गर्नुभयो। उहाँ भन्नुहुन्छ "हामीले खेतीको समयमा पनि यस चन्द्रनहरबाट पाउनुपर्ने सुबिधाबाट वर्षेनी वचित भएका छौँ। यो समस्या हामीलाई मात्रै होइन बलकी सप्तरीको पूर्वी तथा उत्तरी भेगका हजारौँ किसानको रहेको छ। यसप्रति सिँचाइ डिभिजन र नेपाल सरकारले समेत ध्यान नदिएका कारण किसानहरू चर्को मूल्य तिरेर सिँचाइ गर्नुपरेको छ।"

चन्द्रनहर सिँचाइ योजना गतवर्षको बाढीको कारण विभिन्न ठाउँमा भत्किएर जीर्ण अवस्थामा रहेको भएपनि बजेट अपुग भएका कारण मर्मत र उचित सिँचाइ सुविधा उपलब्ध गराउन गाह्रो भएको कोशी पम्प चन्द्र नहर डिभिजन कार्यालयका प्रमुख राजेन्द्रप्रसाद साहले बताउनुभयो।सप्तरीमा कूल ८३ हजार २३० हेक्टर कृषियोग्य जग्गा छ। यसमध्ये ४५ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यले योजनाहरू सञ्चालन भएपनि २८ हजार ६२४ हेक्टरमा मात्र सिँचाइ भइरहेको छ।यहाँ विगत करिब दश वर्षदेखि सिँचाइको अभाव र निरन्तरको खडेरीका कारण सरदर ५५ देखि ६० हजार हेक्टरमा मात्र धान खेती हुने गरेको छ। यसका कारण उत्पादन पनि दुई मेट्रिक टनमा झरेको कृषि ज्ञान केन्द्रको भनाई छ।

सप्तरीको पुर्वी भेग तोपा, मंसापुर, भगवतपुर, महदेवा, बथनाहा, इनर्वा, भारदह, चक्ला, विषहरिया, गाउँहरूमा चन्द्र नहरको आशामा हजारौं हेक्टर जग्गामा गहुँ खेती लगाउने गरेकोमा प्रत्येक वर्षायाममा समेत पानी नपाएका कारण कृषकहरू चर्को मूल्यमा डिजल तथा विद्युतीय प्रणालीबाट सिँचाइ व्यवस्था मिलाउने गरेका छन्।
सप्तरीका दुई सिँचाइ मुहान कोश पम्प नहर र चन्द्र नहरलाई व्यवस्थित गर्न सके सिँचाइलाई सजिलो हुने छ। साथै सप्तरीको विकासको लागि कृषि क्षेत्रलाई प्रमुख रूपमा राखेर आधुनिकीकरण गरी उत्पादन क्षमतामा वृद्धि गर्नुपर्ने देखिन्छ।

झण्डै १०० वर्ष अघि बनेका

*बाँकी अन्तिम पृष्ठमा*

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### राष्ट्रसंघीय शान्ति कोषमा ४३ करोड ९० लाख डलर, लक्ष्यभन्दा निकै कम योगदान

राष्ट्रसङ्घ, १४ माघ (रासस/एएफपी)।

संयुक्त राष्ट्रसंघले द्वन्द्वग्रस्त मुलुकमा शान्ति कायम गर्नेगरी मद्दतका लागि तीन दर्जनजति मुलुकले ४३ करोड ९० लाख डलर योगदान गर्ने प्रतिबद्धता व्यक्त गरेको जनाएको छ। राष्ट्रसङ्घले आशा गरेको एक अर्ब ५० करोडको तुलनामा यो रकम निकै कम हो। भिडियो कन्फरेन्समार्फत सदस्य दातृ मुलुकसँगको अन्तरक्रियामा यस्तो प्रतिबद्धता व्यक्त भएको राष्ट्रसङ्घले जनाएको छ। राष्ट्रसङ्घले जारी गरेको विज्ञप्तिमा सन् २०२० मा प्राप्त भएको रकमसमेत ३९ वटा दातृ मुलुकबाट ४३ करोड ९० लाख मात्र प्रतिबद्धता व्यक्त भएको उल्लेख छ।

शान्ति कोषबाट साहेल, मध्य एसिया, मध्यअमेरिका र बाल्कन क्षेत्रसमेतका ५१ मुलुकमा विगत तीन वर्षदेखि शान्ति अभियान सञ्चालन भइरहेका छन्। यी कार्यक्रमका लागि तीन वर्षमा ३५ करोड ६० लाख खर्च भइसकेको छ। सन् २००६ मा स्थापित राष्ट्रसङ्घीय शान्ति निर्माण कोषका प्रमुख मार्क-आन्द्रे फ्रान्चले सन् २०२० देखि २०२४ सम्मका पाँच वर्षका लागि डेढ अर्ब डलर परिचालन गर्ने लक्ष्य राखिएको जानकारी दिनुभयो। फ्रान्चका अनुसार ३४ वटा मुलुकले कोषमा रकम दिएका छन् तर त्यसमध्ये ६० प्रतिशतभन्दा बढी रकम जर्मनी, स्वीडेन र बेलायतले उपलब्ध गराएका छन्। जर्मन विदेश मन्त्री हेको मासले आगामी दुई वर्षमा जर्मनीले कम्तीमा छ करोड आठ लाख उपलब्ध गराउने बताउनुभयो। राष्ट्रसङ्घका लागि फ्रान्सेली राजदूत निकोलास डी रिभियेराले आफ्नो मुलुकले ४५ लाख डलर योगदान गर्ने जानकारी गराउनु भएको छ।

### चीनमा कोरोना भाइरसका सङ्क्रमित प्रतिदिन बढ्दै

बेइजिङ, १४ मााघ (रासस/सिन्ह्वा)।

चीनमा कोरोना भाइरसका नयाँ सङ्क्रमति प्रत्येक दिन जसो भेटिन थालेको यहाँका स्वास्थ्य अधिकारीले जानकारी गराएका छन्। शुरुमा कोरोना भाइरसको सङ्क्रमण चीनको वुहान शहरबाट नै निस्किएको बताइएको थियो। गत वर्षको डिसेम्बरमा यो भाइरस भेटिएको हो। यसरी वुहानबाट देखिएको यो भाइरस संसारका देशमा पुगि सेकेको छ र ती देशमा अहिले पनि सङ्क्रमित हुने क्रम जारी नै रहेका समाचार आइरहेका छन्।

यसरी वर्षदिन पुगिसक्दा पनि यस भाइरसको नियन्त्रण हुन सकेको छैन। तर चीनले भने छ महिनाभन्दा अघि नै यहाँ यो भाइरस नियन्त्रणमा लिएको जनाएको थियो। तर पछिल्ला दिनमा भने यहाँ फेरि यसका सङ्क्रमित देखिन थालेका चीन सरकारले जनाएको छ। चीन सरकारले जनाएअनुसार चीनभित्रै पनि सङ्क्रमणका नयाँ घटना दिनहुँ भेटिन थालेका हुन्। चिनियाँ अधिकारीका अनुसार मङ्गलबार मात्र चीनमा कोरोना भाइरस ७५ जनामा नयाँ सङ्क्रमण देखिएको हो।

तीमध्ये थप ५५ जना स्वदेशमा नै पाइएको ती अधिकारीले जानकारी दिए। त्यस्तै अरु २० वटा नयाँ घटना बाहिरबाट आएका पनि मङ्गलबार यहाँका स्वास्थ्य अधिकारीले दिएको समाचारमा जनाइएको हो। चीनको नेशनल हेल्थ कमिसनले दिएको जानकारीअनुसार चीनमा पछिल्ला केही दिनमा विभिन्न सहरमा नयाँ नयाँ सङ्क्रमित भेटिएका छन्। यहाँका स्थानीय नागरिकबाटै ती जना व्यक्ति सङ्क्रमित भएका पाइएको समाचारमा जनाइएको छ। सोही कारणले चीनले पछिल्लो समयमा कोरोनाको परीक्षणलाई तिब्रता दिएको जनाएको छ।

चीनले कोरोनाबाट निको भएका नागरिकको पुनःस्वास्थ्य जाँच सुरु गरेको छ। कोरोना पुनःहुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै चीनले यस्तो कदम सुरु गरेको जनाएको छ। मङ्गलबार भेटिएका स्वदेशी सङ्क्रमितमध्ये उत्तरी चीनको हेबेइ र होलिज्याङ प्रान्तका कतिपय शहर र जिलिङ नगरका धेरै नागरिक रहेका पाइएका हुन्। यसबाट सो क्षेत्रमा पछिल्लो समयमा स्थानीय स्तरमा कोरोना सङ्क्रमण बढेको पाइएको बताइएको छ र चिनियाँ स्वास्थ्य अधिकारीले ती क्षेत्रमा बढी सतर्कता अपनाउन भनेका छन्। चीनका हेलिङजाङ, हेइबेइलगायतका प्रान्तमा नयाँ सङ्क्रमित भेटिन थालेको समाचार गत महिनादेखि नै अएको हो। ती प्रान्तका सरकारले यहाँ आइसोलेसन वार्ड निर्माण पनि गरिरहेका बताएका छन्। सोही कारण चीनले विशेषगरी ती क्षेत्रमा निको भएका बिरामीमाथि पनि निगरानी राख्न र पुनः स्वास्थ्य परीक्षण गर्ने काम केही महिना यतादेखि नै थालेको हो।

### विश्वभरी कोरोना सङ्क्रमितको सङ्ख्या दश करोड नाघ्यो

वासिङ्टन, १४ माघ (रासस/एएफपी)।

विश्वभरी कोरोना सङ्क्रमितको संख्या १० करोड नाघेको छ। कोभिड-१९ बाट संयुक्त राज्य अमेरिका अति प्रभावित देशको सुचिमा परेको छ। अमेरिकामा दुई करोड ५० लाख व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन्। यस भाइरसको सङ्क्रमणको कारण अमेरिकामा चार लाख २० हजार व्यक्तिको मृत्यु भइसकेको छ।

यद्यपी अमेरिकाका नव निर्वाचित राष्ट्रपति जो बाइडेनले कोरोना भाइरस विरुद्धको खोप कार्यक्रमलाई अगाडि बढाउने वाचा गर्नुभएको छ। अमेरिकाको सम्पूर्ण जनसङ्ख्यालाई खोप लगाउनु एक चुनौतीपूर्ण कार्य भएको र ट्रम्प प्रशासनबाट विरासतमा आएको यो कार्यक्रम अपेक्षा गरेको भन्दा खराब अवस्थामा भएको पनि उहाँ बताउनु भएको छ।

अमेरिकाले थप २० करोड डोज कोरोना भाइरसविरुद्ध खोप किन्दै छ र यसपछि लगभग ३० करोड अमेरिकीलाई खोप दिन पर्याप्त हुने बाइडेनले बताउनु भएको छ। कोरोना भाइरसको कारण बेलायतमा पनि एक लाखभन्दा बढी व्यक्तिको मृत्यु भएको बेलायतको सरकारीमाध्यमले जानकारी दिएको छ। विश्वभरी कोरोना भाइरस सङ्क्रमणबाट २१ लाखभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ। सात करोड २९ लाखभन्दा बढी व्यक्ति कोरोना भाइरस मुक्त भएका छन्।

# कृषिमा विदेशी लगानी भित्र्याउने निर्णय फिर्ता लिन आग्रह

काठमाडौँ, १४ माघ (रासस)।

कृषिलाई व्यापारीकरण नगरी व्यवस्थित र मर्यादित बनाउन माग गरिएको छ। सरकारले हालै कृषिमा विदेशी लगानी भित्र्याउन गरेको निर्णयले किसानको हित नगर्ने मात्र नभई खाद्य सम्प्रभूतामा प्रतिकूल असर पर्ने भएकाले यसलाई फिर्ता लिन सञ्जीवनी समूहले आग्रह गरेको छ।

समूहको तर्फबाट आज जारी विज्ञप्तिमा कृषि जीवन रेखा हो, व्यापार होइन भन्दै नेपाली किसानको अस्तित्व रक्षा गर्न, खाद्य सम्प्रभूताको सम्मान गर्न, जैविक विविधता र पर्यावरण संरक्षण गर्न, आत्मनिर्भरमुखी रैथाने खेतीपाती पद्धतिको संरक्षण गर्न, कृतिम रसायन र जिएमओको उच्चतम प्रयोगबाट मानव स्वास्थ बचाउन आग्रह गरिएको छ। समूहले नेपाली संस्कृतिमा आधारित कृषि प्रणालीको संरक्षण गर्न, खेतीयोग्य जमीनको स्वामित्व हस्तान्तरण रोक्न, किसानको आंशिक वा पूर्ण स्वरोजगारको संरक्षण गर्न, जलवायु परिवर्तन, उत्पादनको साधन भूमि र प्राकृतिक स्रोत माथि विदेशी हस्तक्षेप हुन नदिन र समग्र प्रकृतिमैत्री तथा जीवनमैत्री कृषि प्रणाली कायम गर्न सम्बद्ध एवं सरोकारवालाको ध्यानाकर्षण गरेको छ।

समूहका संयोजक उद्धव अधिकारीले कृषिमा विदेशी लगानी भित्र्याउँदा नेपालको विशिष्ठ पहिचान र दुईतिहाई नागरिकको पारिवारिक पेशा र उनीहरूको जीविकोपार्जनमा प्रत्यक्ष असर पर्ने र नेपालको मौलिक कृषि प्रणालीमाथि नै प्रहार हुने बताउनुभयो। उहाँले नेपालजस्तो सानो मुलुकमा कृषिका प्राथमिक उत्पादनहरूमा प्रत्यक्ष विदेशी लगानीमार्फत ठूलाठूला विदेशी कम्पनीहरूको प्रवेशले निर्वाहमुखी, साना तथा मझौला मात्र नभई धनी तथा व्यावसायिक किसानहरू समेत प्रतिस्पर्धामा उत्रन नसक्ने, नेपाली किसान तथा समग्र कृषि क्षेत्र नै ध्वस्त हुने र देशको खाद्यप्रणाली नै विदेशीको हातमा पुऱ्याउने हुँदा यस्तो निर्णय फिर्ता लिन आग्रह गर्नुभयो।

पछिल्लो पाँच दशकयता कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण गरी बढी मुनाफा वा फाइदा लिने प्रलोभन देखाई कृषकलाई रासायनिक मल तथा विषादीको प्रयोग गर्न लगाउँदा जैविक विविधता, वातावरण र जनस्वास्थ्यमा असर परेको उल्लेख गर्दै उहाँले अब कृषिमा विदेशी लगानी ल्याउँदा त्यसले अझ भयावह अवस्था सिर्जना गर्ने बताउनुभयो। कृषि क्षेत्रमा राज्यको लगानी वृद्धि गर्ने, कृषि उपज आयातलाई निरुत्साहित गर्दै किसानले उत्पादन गरेका उत्पादित वस्तुहरूको उचित मूल्यसहित बजार सुनिश्चित गर्ने, जलवायु अनुकुलित रैथाने तुलनात्मक लाभका बालीलाई प्रवर्द्धन गर्न सकिएमा विदेशी लगानी ल्याउनु पर्ने आवश्यकता नरहेको उहाँले स्पष्ट पार्नुभयो।

### *शिक्षक बस्ने ...*

बिद्यालयको शिक्षक बस्ने कोठाभित्र बुधबार अजिङगर फेला परेको छ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ स्थित आधारभुत बिद्यालय भलुवामा रहेको शिक्षक बस्ने कोठामा करिब १० फिट लामो अजिङगर फेला परेको बिद्यालयका शिक्षक ओमप्रकाश रजकले जानकारी दिनुभयो।

करिब ९/१० किलो तोल भएको अजिङगर शिक्षक कोठाको माथिलो भागमा बसेको अवस्थामा बिद्यार्थीहरुले देखेपछि प्रहरीलाई खवर गरेका थिए।

त्यसपछि इलाका प्रहरी कार्यालय भारदह र सब डिभिजन वन कार्यालय कंचनपुरको टोलीले अजिङगरलाई उद्धार गरि लगेका थिए।

### *चन्द्रनहर मर्मत ...*

चन्द्र नहरको विविध ठाउँका पुलमा सिमेन्टको प्रयोग गरेको देखिँदैन। ती पुलहरू पनि जीर्ण बन्दै गएका छन्। जिल्लाको कञ्चनपुर, बरगाँछी, चाँदनी चोकमा रहेका चन्द्र नहरका पुल एक शताब्दी पुग्न लागेका छन्। त्रियुगा नदीको पानी फत्तेपुरबाट नहरमा पठाइने यो चन्द्रनहरले सप्तरी जिल्लाको ठूलो क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याइराखेको छ। अहिले भने विभिन्न ठाउमा तहर जीर्ण छ, जसका कारण सिँचाइमा कठिनाइ भइरहेको देखिन्छ। यो नहर विसं १९८५ मा निर्माण शुरू भई १९८९ मा तयार भएको इतिहास पाइन्छ।

नेपालका पहिलो सिभिल इञ्जिनियर डिल्लीजंग थापाले श्री ३ चन्द्रशमशेरको पालामा सप्तरीको सप्तकोशी नगरपालिकास्थित फत्तेपुरमा देशको पहिलो सिँचाइ परियोजना चन्द्रनहर निर्माण थालेको पाइन्छ। प्रतिसेकेण्ड चौध घनमिटर पानी प्रवाह गर्ने क्षमताको करिब ३१ किलोमिटर लामो सो नहरबाट १० हजार ५०० हेक्टर जमीनमा सिँचाइको क्षमता छ तर त्यो क्षमता अनुसारको पानी यति बेला प्रवाह हुन सकेको छैन।त्रियुगा नदीमा बाँध बाँधेर निर्माण गरिएको नहरमा त्यसबेला सिमेन्ट प्रयोग गरिएको थिएन र पाको इँटको धूलो, चुन र मास मिसाई बनाइएको बज्र प्रयोग गरी बाँध बनाइएको स्थानीयवासीको भनाई छ।




सप्तरीको तिरहुत गाउँपालिकामा बुधबार ६ सय ३५ डोम र मुसहर समुदायमा एक थान ब्ल्यांकेट र बेडसिट वितरण गर्दै गाउँपालिका अध्यक्ष हेमन्त बहरखेर। *तस्बिर : राजविराज दैनिक*

बालबालिका माथि हिंसा, दुर्व्यवहार भएको घटना लुकाउनु भनेको बालबालिकालाई झन बढी जोखिममा पार्नु हो। तुरुन्त उजुरी गरौं, बालबालिकाको संरक्षण गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# लागुऔषधसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १४ माघ।**

सप्तरीको राजगढ गाउँपालिकाबाट दुई यूवक लागुऔषधसहित पक्राउ परेका छन्।

सीमापारि भारतबाट स.१प. ९८७८ नं. को मोटरसाइकलबाट आउँदै गरेका जिल्लाको बिष्णपुर गाउँपालिका वडा नं.४ निवासी २० वर्षिय राजेश कुमार गुप्ता र सोही वडा निवासी १९ वर्षिय सत्य देव खंगलाई चेकजाच गर्ने क्रममा लागुऔषध फेला परेको प्रहरीले जनाएके छ।

उनीहरुका साथबाट नाइट्राभेट १० ट्याव्लेट ६ पत्ता ९० थान बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। बरामद गरिएको लागुऔषध, मोबाइल तथा मोटरसाइकल समेत प्रहरीले नियन्त्रणमा लिईएको जनाइएको छ।

यता पक्राउ परेका दुबै जनालाई सप्तरी जिल्ला अदालतबाट म्याद थप गरि आवश्यक अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# चिसो बढेपछि विद्यालयमा तीन दिन बिदा

लहान, १४ माघ (रासस)।

विगत केही दिनयता बढ्दो शीतलहर तथा चिसोलाई मध्यनजर गरी सिरहा नगरपालिकाले आजदेखि तीन दिन नगर क्षेत्रका विद्यालयमा बिदा दिएको छ।

बाक्लो हुस्सु र शीतलहरका कारण जनजीवन प्रभावित हुन थालेपछि चिसो छल्न सिरहा नगरपालिकाले बुधबारदेखि शुक्रबारसम्म नगर क्षेत्रका सबै विद्यालयमा बिदा दिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलिराम यादवले जानकारी दिनुभयो।

चिसोका कारण विद्यालयमा अध्ययन, अध्यापन गर्न कठिनाइ भइरहेकाले विद्यालयमा बिदा दिने निर्णय भएको उहाँले बताउनुभयो। शैक्षिक क्यालेन्डर २०७७ को वर्षे बिदाबाट कट्टा हुने गरी माघ १४ देखि १६ गतेसम्म नगर क्षेत्रका सबै विद्यालयमा जाडो बिदा दिइएको प्रमुख प्रशासकीय अधिकृत यादवको कथन छ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*